# सुनछहरी गाउँपालिका
# कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी
# कार्यविधि, २०७९

सुनछहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ रोल्पा

लुम्बिनी प्रदेश नेपाल

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।११।२६

प्रमाणीकरण मितिः२०७९।११।२८

## प्रस्तावना

स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन, नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप कर्मचारीलाई स्थानीय सरकारप्रति प्रतिबद्ध गराई कर्मचारी सन्तुष्टि अभिवृद्धि र कार्यसम्पादनमा प्रभावकारिता हासिल गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सुनछहरी गाउँपालिकाले "कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९" लागू गरिएको छ।

## परिच्छेद-एक

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नामः यस कार्यविधिको नाम कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९ रहनेछ।

२. यो कार्यविधि प्रशासन सेवा अन्तर्गतका प्रमुख प्रशासकीय अधिकृत, योजना तथा कार्यक्रम शाखा प्रमुख, प्रशासन शाखा प्रमुख, लेखा शाखा प्रमुख, सूचना प्रविधि शाखा प्रमुख र ईन्जिनियरिङ सेवा अन्तर्गतका पूर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख तथा इञ्जिनियरिङ सेवाका अन्य कर्मचारीहरु तथा कार्यालयको अतिरिक्त काममा खटिने कार्यालय सहयोगी कर्मचारीहरुलाई मात्र लागू हुनेछ। यो कार्यविधि २०७९।११।०१ गते देखि लागू हुनेछ।

## परिच्छेद-दुई

### परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

   क. "प्रोत्साहन भत्ता तथा फिल्ड भत्तासम्बन्धी कार्यविधि" भन्नाले **सुनछहरी गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९** लाई सम्झनु पर्दछ।

   ख. गाउँपालिका भन्नाले नेपालको संविधान, २०७२ अनुरुप निर्माण भएको "**सुनछहरी गाउँपालिका**" रोल्पालाई सम्झनु पर्छ।

ग. प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता भन्नाले तोकिएको कर्मचारीलाई तोकिएको काम गरेबापत प्रोत्साहन स्वरुप दिने सुविधालाई सम्झनु पर्छ ।

## परिच्छेद- तीन

## वित्तीय स्रोत व्यवस्थापन

४. यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट प्राप्त आम्दानी र राजस्व बाँडफाँडबाट प्राप्त रकमबाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद – चार

## कार्यान्वयन ब्यबस्था

५. यस कार्यविधि बमोजिम उपलब्ध गराउने प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता गाउँसभाबाट स्वीकृत कर्मचारी प्रोत्साहन तथा पुरस्कार र फिल्ड भत्ता शीर्षकमा विनियोजन गरिएको बजेटबाट उपलब्ध गराइनेछ ।

६. गाउँसभा अधिबेशनको तयारी तथा ब्यबस्थापनमा खटिने र कार्यालय कामको अत्यधिक चाप पर्न गएको समयमा कार्यालय समयभन्दा थप ५ घण्टाभन्दा बढी काममा खटिने दफा २ मा उल्लिखित कर्मचारीहरुमध्येबाट खटिएको आधारमा मासिक रुपमा खाइपाइ आएको तलब भत्ता बराबरको प्रोत्साहन रकम कार्यालय प्रमुख स्तरको निर्णयबाट उपलब्ध गराइनेछ ।

७. प्रोत्साहन भत्ता पाउने कर्मचारीले कार्यालयको समय बाहेक अतिरिक्त समयमा खटेको हाजिरी बिबरण समेत प्रमाणित गराइ राख्नुपर्नेछ ।

८. फिल्ड भत्ता पाउने इञ्जिनियरिङ सेवाका फिल्डमा काम गर्ने गरी तोकिएका कर्मचारीहरुलाई मासिक खाइपाइ आएको तलबमानको ४० प्रतिशत रकम फिल्ड भत्ता स्वरुप उपलब्ध गराइनेछ । सो का लागि महिनाको कम्तीमा १६ दिन फिल्डमा गएको हुनुपर्ने र फिल्ड प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

९. प्रोत्साहन भत्ता पाउने कुनै कर्मचारी वा फिल्ड भत्ता पाउने कुनै प्राविधिक कर्मचारी ७ दिन भन्दा बढी एकै महिनामा बिदामा बसेमा

प्रोत्साहन भत्ताको भुक्तानी गर्दा ७ दिन पछिको जति दिन हुन आउँछ, दामासाहीले त्यति दिनको उसले पाउने प्रोत्साहन भत्ता वा फिल्ड भत्ताको आधारमा हुन आउने रकम कट्टा गरेर भुक्तानी गरिनेछ ।

१०.प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीले प्रोत्साहन तथा फिल्ड भत्ता पाउने अबधिमा जिल्लाभित्र भ्रमणमा खटिदा दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछैन ।

११.प्रोत्साहन भत्ता पाउने कर्मचारीहरुलाई फिल्ड भत्ता र फिल्ड भत्ता पाउने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछैन ।

१२.प्रोत्साहन तथा फिल्ड भत्ताको रकम हाजिरी बिबरण प्रमाणित तथा फिल्ड प्रतिवेदन पेश भए पश्चात  मासिक रुपमा उपलब्ध गराइनेछ ।

परिच्छेद -पाँच

## संशोधन तथा परिमार्जन

१३.सुनछहरी गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता भत्ता सम्बन्धी कार्यविधि,२०७९ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

परिच्छेद-छ

## बचाउ तथा खारेजी

१४.यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ सँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

१५.कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका २०७६  खारेज गरिएको छ ।